साना दललाई फकाउँदै सत्तापक्ष

राममणि दाहाल
हेटौँडा, चैत ५ गते

केन्द्रमा सत्ता समीकरण परिवर्तनसँगै बागमती प्रदेशमा नयाँ बनेको गठबन्धनको सरकारलाई निरन्तरता दिन बागमती प्रदेशका मुख्यमन्त्रीसहितका नेता लागेका छन्।

नयाँ बनेको गठबन्धनमा रहेका दलको मतले मात्र बागमती प्रदेशमा बहुमत नपुग्ने भएपछि बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलसहित सत्ता गठबन्धनमा रहेको नेकपा (एमाले) का नेताहरूले भेटघाट र छलफललाई तीव्र बनाएका हुन्। अघिल्लो गठबन्धनमा रहेको नेपाली कांग्रेसले नेकपा (माओवादी केन्द्र) का नेता जम्कट्टेल नेतृत्वको बागमती सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै सरकार अल्पमतमा परेको छ।

कांग्रेसबाहेक बहुमतका लागि समर्थन जुटाउन पछिल्लो पटक मुख्यमन्त्री जम्कट्टेलसहितको टोलीले विश्वासको मतका लागि नेपाल मजदुर किसान पार्टीसँग भेटघाट र छलफल गरेको छ।

भेटमा राजनीतिक सङ्कट आएको भन्दै मुख्यमन्त्री जम्कट्टेलले बहुमत पुऱ्याउन समर्थनका लागि आग्रह गरेको नेपाल मजदुर किसान पार्टी बागमती प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज गोसाईंले जानकारी दिनुभयो। उहाँले विगतमा भएगरेका गल्ती कमजोरीको समीक्षा हुनुपर्ने बताउँदै विगतमा सत्तासिन दलबाट राम्रो व्यवहार र काम नगरेका कारण वर्तमान अवस्था आएको बताउनुभयो।

समस्या पर्दा सहयोग माग्न आउने विगतमा आफ्नो बहुमत हुँदा नचाहिने गलत संस्कार भएको भन्दै उहाँले भन्नुभयो, "हिजोको समीक्षा हुनु पर्छ, नयाँ योजना के हो ल्याउनु पर्छ र विगतको जस्तै व्यवहार हुँदैन भन्ने सुनिश्चित हुनु पर्छ।"

उहाँले भन्नुभयो, "छलफलमा विगतमा कमीकमजोरी भएको र आगामी दिनमा सच्चिएर जाने कुरा भएको छ तर कसरी विश्वास गर्ने, विगत हेर्दा इमानदार हुन्छन् भन्ने छैन।"

नेता गोसाईंले प्रारम्भिक छलफल भएको बताउँदै अहिले नै यसै गर्छौं भन्ने निर्णयमा नपुगेको बताउनुभयो।

बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल नेपाल मजदुर किसान पार्टीका नेता सुरेन्द्रराज गोसाईंसँग भेट गर्दै।

नेपाल मजदुर किसान पार्टीका नेतासँगको भेटघाटमा प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल र माओवादी केन्द्रका प्रमुख सचेतक रत्नप्रसाद ढकाल पुग्नुभएको थियो।

यस्तै मुख्यमन्त्री जम्कट्टेलले नेमकिपाका नेता गोसाईंसँग नयाँ सत्ता समीकरणको निरन्तरताका लागि भेटघाट र छलफल गर्नुपूर्व बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल वर्तमान सत्ता समीकरणलाई सहयोग गर्न आग्रह गर्दै भक्तपुर पुग्नुभएको थियो। पूर्वमुख्यमन्त्री पौडेलले एमाले, माओवादी केन्द्रलगायतका नयाँ गठबन्धनलाई विश्वासको मत दिएर समर्थन र सहयोग गर्न आग्रह गर्नुभएको नेमकिपाका नेता गोसाईंले बताउनुभयो।

उहाँले सहयोग माग्नुभएको छ, नेमकिपाका नेता गोसाईंले भन्नुभयो, "अहिले हामीले नयाँ गठबन्धनलाई वचन दिएका छैनौँ हाम्रो पार्टीमा व्यक्तिले निर्णय गर्ने होइन पार्टीले निर्णय गर्ने हो।" पूर्वमुख्यमन्त्री पौडेलसँग भेटमा एमालेका प्रमुख सचेतक मधुसूदन पौडेलसमेत जानुभएको थियो।

मुख्यमन्त्री जम्कट्टेल र पूर्वमुख्यमन्त्री पौडेलले नयाँ समीकरणका लागि विश्वासको मत माग्दै दुई जना प्रदेश सभा सदस्य रहेका हाम्रो नेपाली पार्टीसँग पनि छुट्टाछुट्टै छलफल गरेको छ। नेमकिपाको यस प्रदेशमा तीन जना प्रदेश सभा सदस्य रहेका छन्।

११० जना प्रदेश सभा सदस्य रहेको यस प्रदेशमा नयाँ सत्ता समीकरणमा रहेका दलहरूको ५५ जना मात्र प्रदेश सभाका सदस्य छन् तर यस प्रदेशमा बहुमतको सरकार बनाउन र नयाँ बनेको समीकरणको सरकार जोगाउन ५६ जना प्रदेश सभा सदस्य आवश्यक हुन्छ।

यस प्रदेशमा नयाँ गठबन्धन गरेका दलहरूले सरकारलाई निरन्तरता दिन प्रदेश सभामा रहेका साना दलको समर्थन अनिवार्य हुन्छ।

सहाराका सञ्चालक फरार

हेटौँडा समाचारदाता
हेटौँडा, चैत ५ गते

हेटौँडा उपमहानगरपालिका-२, मानस चोकमा सञ्चालनमा रहेको सहारा किस्ताबन्दी कार्यक्रमका सञ्चालक सम्पर्कविहीन भएपछि बचतकर्ताले कार्यालय घेराउ गरेका छन्।

सञ्चालकद्वय फरार रहेको जानकारी पाएपछि बचतकर्ताले आफ्नो बचत फिर्ता माग्दै आइतबार सहाराको कार्यालय घेरेका हुन्।

बचतकर्ता बचत फिर्ता माग्न आएको र बचत रकम पनि सञ्चालकले नै लिएर गएको कर्मचारीको भनाइ छ।

२०५८ सालदेखि सञ्चालनमा रहेको संस्थाका सञ्चालक सरोज थापा र विनीता पौडेल एक सातादेखि सम्पर्कविहीन भएपछि किस्ताबन्दीमा कार्यरत बचत सङ्कलक कर्मचारी सीता पौडेल, अनिता महत, गङ्गा अधिकारी, अनिता तामाङ श्रेष्ठ र केवल थापाले जिल्ला प्रशासन कार्यालय मकवानपुरमा निवेदन दिनुभएको छ।

सहाराका सञ्चालक थापा र उहाँकी श्रीमती पौडेल संस्थामा कार्यरत कर्मचारीलाई जानकारी नदिई गत फागुन २४ देखि सम्पर्कविहीन रहेको कर्मचारी पौडेलले जानकारी दिनुभयो।

सहारामा हाल करिब छ सयभन्दा बढीको बचत रहेको कर्मचारी पौडेलको भनाइ छ। चार जना बचत सङ्कलकसहित संस्थामा पाँच जना कर्मचारी कार्यरत छन्।

'विकासको मोडल र स्वरूप बदल्दै छौँ'

मकवानपुर समाचारदाता
हेटौँडा, चैत ५ गते

स्थानीय तहका जनप्रतिधिलगायतको सुझाव र आफ्नै अनुभवबाट प्रदेश सरकारले विकासको मोडेल बदल्ने।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बागमती प्रदेशका लागि प्रदेश सरकारले विकासप्रतिको धारणा र स्वरूप बदल्दै अगाडि बढिररहेको बताउनुभएको छ।

उहाँले स्थानीय तहका जनप्रतिधिलगायतको सुझाव र आफ्नै अनुभवबाट प्रदेश सरकारले विकासको मोडेल बदल्न लागेको बताउनुभयो। उहाँले भन्नुभयो, "प्रदेश सरकारले कुनै पनि काम अड्काएर नराख्ने र तत्काल समस्या समाधान गर्नेछ।"

मुख्यमन्त्रीले मकवानपुरको मनहरी गाउँपालिकाको वडा ९ को रजैया र वडा नं. को ५ दरदरा जोड्ने पक्की पुलको सोमबार शिलान्यास गर्दै पूर्वाधारको क्षेत्रमा सडक र पुललगायतका ठुला आयोजनामा प्रदेशले लगानी गर्ने र साना आयोजना स्थानीय तहमा पठाउने नीति लिएको स्पष्ट पार्नुभयो।

उहाँले समृद्धिका लागि नेपालले नै अनुसरण गर्ने गरी नयाँ विकासका मोडलअगाडि बढाएको, शिक्षा नीति, कृषि नीति, चेपाङ विकासको नीति, दलित विकासको नीति र गृहणी शिक्षामार्फत महिलाको विकास र उद्यमशीलतामा जोड्ने नीति बनाइएको पनि बताउनुभयो।

उहाँले रजैया-दरदरा जोड्ने पक्की पुलले बागमती प्रदेशको समृद्धिका लागि सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले हाँडीखोला क्षेत्र तरकारी दुधको उत्पादन हुने क्षेत्र भएकाले पुल निर्माणपछि सडकको पहुँच विस्तारसँगै यस क्षेत्रले समृद्ध बागमती प्रदेश निर्माणमा सहयोग पुग्ने बताउनुभयो।

प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मुक्तानले विकास निर्माणमा राजनीति गर्नु उचित नभएको बताउँदै राष्ट्रिय निकुञ्जका कारण विकास निर्माणमा ढिलाइ हुने गरेको बताउनुभयो।

पूर्वाधार विकास कार्यालय चितवनको आयोजनामा भएको कार्यक्रममा प्रदेशका पूर्वमन्त्री एकालाल श्रेष्ठ, सङ्घीय सरकारका पूर्वमन्त्री विरोध खतिवडा, मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष सीता पुलामीमगर, पूर्वाधार विकास कार्यालय चितवनका प्रमुख वीरेन्द्र चौधरी, मनहरी गाउँपालिकाका पूर्वअध्यक्ष एकराज उप्रेती, पुल निर्माण सरोकार समितिका संयोजक रामप्रसाद कालाखेतीलगायतले बोल्नुभएको थियो।

राप्ती खोलामा निर्माण हुने २५६ मिटर लम्बाइको रजैया-दरदरा मोटरेबल पुल २४ करोड सात लाख ९२ हजार रुपियाँको लागतमा तीन वर्षभित्रमा निर्माण सम्पन्न गर्ने गरी निर्माण कम्पनीसँग सम्झौता गरिएको छ। लामो समयदेखि बन्न नसकेको पुल प्रदेश सरकार बनेसँगै जनताको गुनासो सम्बोधन गर्दै चालु आर्थिक वर्ष २०८०/८१ मा बजेट विनियोजन भएको थियो।

भूतपूर्व सैनिक सम्मेलन

तस्विर : केदार तिमल्सिना

कालीजङ्ग गणको आयोजनामा भएको भूतपूर्व सैनिक सम्मेलनमा सहभागी सैनिक।

बनेपा समाचारदाता
बनेपा, चैत ५ गते

काभ्रेपलाञ्चोकको धुलिखेलमा रहेको नेपाली सेनाको कालीजङ्ग गणले जिल्लाभित्र रहेका नेपाली सेनाका भूतपूर्व सैनिकको सम्मेलनको आयोजना गरेको छ। कालीजङ्गका गणपति प्रमुख सेनानी प्रकाशबहादुर सिंहले नेपाली सेनाबाट सेवा निवृत्त भएका सैनिकलाई एकै स्थानमा भेला गरी पुराना साथीबिच एकआपसमा भेटघाट गराउने उद्देश्यले भूतपूर्व सैनिक सम्मेलनको आयोजना गरिएको बताउनुभयो।

सैनिक मुख्यालयका उपरथी विजय थापाले उद्घाटन गर्नुभएको सम्मेलनमा प्रधान सेनापति प्रभुराम शर्माले फोनमार्फत सम्बोधन गर्दै सैनिक कल्याणकारी कोषबाट सेनाले बहालवाला र भूतपूर्व सैनिकका लागि विभिन्न सहयोग उपलब्ध गराउँदै आएको बताउनुभएको थियो। प्रधान सेनापति थापाले सेनाले भूतपूर्व सैनिक परिवारका लागि उपलब्ध गराउँदै आएको सेवासुविधा बढाउने बताउनुभयो। सम्मेलनमा काभ्रेमा बसोबास गर्ने भूतपूर्व सैनिकका ४१८ एकल महिला र भूतपूर्व सैनिकसहित दुई हजार ५८६ जनाको उपस्थिति रहेको गणका गणपति सिंहले बताउनुभयो।

तामाकोशीको पुँजीगत खर्च पैँतिस प्रतिशत

चरीकोट समाचारदाता
चरीकोट, चैत ५ गते

दोलखाको तामाकोशी गाउँपालिकाले चालु आर्थिक वर्षको दोस्रो चौमासिक अर्थात् आठ महिनामा कुल पुँजीगत बजेटको ३५ प्रतिशत खर्च गरेको छ। चालु आवमा पुँजीगततर्फ कुल २६ करोड १२ लाख ५८ हजार रुपियाँ बजेट विनियोजन गरिएकामा फागुन मसान्तसम्ममा आठ करोड ९० लाख ४७ हजार ६२१ रुपियाँ खर्च भएको तामाकोशी गाउँपालिकाले जनाएको छ। गाउँपालिकाले बताए अनुसार चालुतर्फको खर्च भने ३६ प्रतिशत भएको छ।

गाउँपालिकाले दोस्रो चौमासिकमा करिब ६० प्रतिशत योजना सम्झौता सम्पन्न भएको छ। पालिकामा कुल २१० वटा योजना रहेकोमा दोस्रो चौमासिक सम्म ६१ योजना सम्पन्न भइसकेको तामाकोशी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बद्रीप्रसाद शर्मा वाग्लेले बताउनुभयो।

उहाँका अनुसार सम्पन्न भएका अधिकांश योजनाको भुक्तानीसमेत भइसकेको र केही योजनाको भुक्तानी प्रक्रियामा रहेको छ।

उहाँले भन्नुभयो, "योजनागत हिसाबमा ६० प्रतिशतभन्दा बढी भौतिक प्रगति हासिल गरेका छौँ। काम सम्पन्न भइसकेका, कतिपय योजना अन्तिम चरणमा पुगेको कतिपय उपभोक्ता भुक्तानी लिन नआएकाले पनि वित्तीय प्रगति कम देखिन सक्छ। तैपनि यो गत आवमा भन्दा बढी हो।"

नेपाल सरकार
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय
जलश्रोत तथा सिंचाई विभाग
सिक्टा सिंचाई आयोजना
नेपालगंज, बाँके

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८०/१२/०६ गते)

यस आयोजनाबाट मिति २०८०/०९/१६ मा "नागरिक दैनिक" र मिति २०८०/१०/२१ मा "नयाँ पत्रिका" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना तथा मिति २०८०/११/१४ गते "नागरिक दैनिक" पत्रिकामा प्रकाशित आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना अनुरुप मिति २०८०/११/२१ गतेका दिन खोलिएको तपसील बमोजिम क्रमशः १ को ठेक्का र मिति २०८०/११/२२ गतेका दिन खोलिएको तपसिल बमोजिम क्रमशः २ र ३ का ठेक्काहरुको आर्थिक प्रस्ताव मूल्यांकन गर्दा देहायका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद नियमावली २०६४ को दफा ३१(ज) प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपसील

सि. नं.	ठेक्का नम्बर	योजनाको विवरण	न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता	कबोल अंक (PS & VAT साहित)
१.	SIP/CAD/SBC/NCB-06/080-81	Sidhaniya Branch Canal Extension Work Ch. 13+700 to Ch. 19+650	Narayanam Nirman Sewa P. Ltd, Nepalgunj-24, Banke	१०,७४,०३,०७०।३५
२.	SIP/KLIPW/NCB-07/080-81	Construction of Kachanapur Lift Irrigation System, West part, Raptisonari-02, Banke.	Yadav Nirman Sewa, Nepalgunj-04, Banke	८७,२७,८३९।४१
३.	SIP/KLIPE/NCB-08/080-81	Construction of Kachanapur Lift Irrigation System,East part, Raptisonari-02, Banke.	Yadav Nirman Sewa, Nepalgunj-04, Banke	९१,०८,४९९।३४

आयोजना निर्देशक

Kathmandu Metropolitan City
श्री महानगरपालिका
Office of the Municipal Executive
KMC- Environment Management Department
Kathmandu, Bagmati Province, Nepal

Invitation for Electronic Bids

Notice No.: 10-ENV-KMC-080-81
Date of Publication: 2080-12-06

1. Kathmandu Metropolitan City, Office of the Municipal Executive has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.
2. Kathmandu Metropolitan City, Office of the Municipal Executive invites electronic bids only from eligible bidders for the following works.

IFB No.	Description of Work	Cost of Bidding Document (NRs.)	Bid Bond Amount (NRs.)	Last Date and Time of Bid Submission	Bid Opening Date and Time	Date and Time of Pre-Bid Meeting	Estimate Amount (NRs.) Without VAT	Bid Validty Period and Bid Security Validity Period
10-15-NCBW-080-081-ENV-KMC	Upgrading and Maintenance of Tinpiple Bancharedanda Road	10,000.00 (Ten Thousand Only)	7,80,000.00 (seven Lakhs Eighty Thousand Only)	2081-01-09 (12:00) 21st April, 2024	2081-01-09 (14:00) 21st April, 2024	2080-12-26 (11:00) 8th April, 2024	---	90 days & 120 days
10-16-SQG-080-081-ENV-KMC (3rd Notice)	Supply and Delivery of Vehicle Emission Measurement Devices	1,000.00 (One Thousand Only)	27,000.00 (Twenty Seven Thousand Only)	2080-12-22 (12:00) 4th April, 2024	2080-12-22 (12:00) 4th April, 2024	---	---	45 days & 75 days

3. Eligible Bidders may obtain further information at Environment Management Department, Kathmandu Metropolitan City, Kathmandu Plaza, Kamaladi, Kathmandu, Bagmati Province, Nepal during office hours or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of bidding document is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the **NIC Asia Bank Ltd., Kathmandu Metropolitan City, Procurement Unit, and Account No. - 0012050061475043.**
5. Pre-bid meeting shall be held at Environment Management Department, Teku, Kathmandu, Bagmati Province, Nepal **on above mentioned date and time**.
6. Electronic bids must be submitted to the office, at Environment Management Department, Kathmandu Metropolitan City, Kathmandu Plaza, Kamaladi, Kathmandu, Bagmati Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before above mentioned date and time. Bids received after these deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on above mentioned date and time at the office of at Environment Management Department, Kathmandu Metropolitan City, Kathmandu Plaza, Kamaladi, Kathmandu, Bagmati Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening (45 days for Sealed Quotation) and must be accompanied with a copy of the bid security, amounting to as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
8. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in **Kathmandu Metropolitan City, Deposit account, NIC Asia Bank Ltd., Account No. 0012050061493005.**
9. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.

Environment Management Department

नेपाल वायुसेवा
नेपाल वायुसेवा निगम
साधारण सेवा तथा सम्पत्ति व्यवस्थापन विभाग
कान्तिपथ, काठमाडौँ

सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८०।१२।०६)

निगमको केन्द्रीय कार्यालय हाता भित्रका कार्यालयहरू दैनिक रूपमा सरसफाइ गर्ने सम्बन्धमा मिति २०८०।१०।२२ गतेका दिन गोरखापत्रमा ३० दिने सूचना प्रकाशित गरी सिलबन्दी बोलपत्र आह्वान गरिएकोमा पर्न आएका सिलबन्दी बोलपत्रहरूमध्ये सारभूत रूपमा प्रभावग्राही तपसिलमा उल्लिखित बोलपत्र दाताको बोलपत्र छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	सिलबन्दी बोलपत्र दाताको नाम, ठेगाना	कुल कबोल रकम (मू.अ.क. सहित)
१.	श्री महालक्ष्मी निर्माण तथा सरसफाइ सेवा प्रा.लि. टंगाल, ललितपुर।	रु. ५७,८५,००३।३६ (रु. सन्ताउन्न लाख पचासी हजार तीन रुपियाँ र छत्तीस पैसा मात्र)

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
मधेश प्रदेश, प्रादेशिक कार्यालय जनकपुर
(सूचना प्रकाशित मिति : २०८०।१२।०६)

१. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

क) सिम्रौनगढ वितरण केन्द्र (**Email: simroungarh@nea.org.np**, फोन नं. ०५३-४११०६५)

सि.नं.	सिलबन्दी दरभाउपत्र नं.	छनोट भएको दरभाउपत्र दाताको नाम, ठेगाना	कबोल रकम रु. (मू.अ.क. सहित)
1.	NEA/SDC-2080/081-SQ-05	श्री दास निर्माण सेवा।	रु.८,५७,१०५।००

ख) मलंगवा वितरण केन्द्र (**Email: malangwa@nea.org.np**, फोन नं. ०४६-५२०१३६)

सि.नं.	सिलबन्दी दरभाउपत्र नं.	छनोट भएको दरभाउपत्र दाताको नाम, ठेगाना	कबोल रकम रु. (मू.अ.क. सहित)
1.	NEA/MDC/ESQ/Civil 2080/081-03	Parth Construction.	रु.४,४३,९६९।९९

२. सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

क) मलंगवा वितरण केन्द्र (**Email: malangwa@nea.org.np**, फोन नं. ०४६-५२०१३६)

S.No.	Tender/SQ No.	Description of Works
1	NEA/MDC/ESQ/Civil/Re 2080/081-04	Store Constructions Work.

For Details, Please visit : **http://www.bolpatra.gov.np**.